# पञ्चकन्या गाउँपालिका

# स्थानीय राजपत्र

## पञ्चकन्या गाउँपालिकाद्धारा प्रकाशित

**खण्डः६) पञ्चकन्या, माघ महिना ०९ गते, २०७९ साल (संख्याः ३**

**भाग–२**

## जेष्ठ नागरिक उपचार खर्च कार्यविधि, २०७९

**प्रस्तावना :-**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को (त) को (६) ले दिएको अधिकार प्रयोग गरी पञ्चकन्या गाउँकार्यपालिकाले आ.व. २०७९।८०को बार्षिक निति तथा कार्यक्रममा ***बृद्ध बृद्धाको संरक्षक पालिका*** मुल ध्येय लिई यस पालिका भित्र रहेका सम्पूर्ण ८० बर्ष माथीका जेष्ठ नागरिकहरुलाई स्वास्थ्यमा समस्या भएको बेला औषधी उपचार गर्न ***कसैको मुख ताक्न नपरोस*** भनेर सम्पुर्ण ८० बर्ष माथीका जेष्ठ नागरिकहरुलाई औषधी उपचार गर्न रु. १०००। (एक हजार) मासिक रुपमा उपलब्ध गराउने प्रतिबद्धता अनुसार गाउँपालिका भित्र रहेका सम्पुर्ण ८० बर्ष माथीका जेष्ठ नागरिकहरुलाई जीवनको उत्तरार्धमा स्वास्थ्यमा विभिन्न समस्याहरु आईरहने, नियमित रुपमा औषधी खाई रहनु पर्ने र आयआर्जन पनि गर्न नसक्ने भएकोले औषधी उपचारमा सहजता प्रदान गर्ने हेतु जेष्ठ नागरिक उपचार खर्च कार्यविधी - २०७९ जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क). यस कार्यविधिको नाम जेष्ठ नागरिक उपचार खर्च कार्यविधी - २०७९ रहनेछ ।

(ख) यो कार्यविधि २०७९ साउन १ गते देखि लागु हुनेछ ।

(ग) यो कार्यबिधी पञ्चकन्या गाउँपालिका भित्र लागु हुनेछ ।

२. **परिभाषा** : विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

क. " लाभग्राही " भन्नाले यस पञ्चकन्या गाउँपालिका भित्र स्थायी बसोवास गर्ने वर्ष ८० वा सो भन्दा माथीको सम्पुर्ण महिला तथा पुरुषहरुलाई सम्झनु पर्दछ ।

ख. "समिति" भन्नाले जेष्ठ नागरिक उपचार खर्च व्यवस्थापनकालागि गठित समिति वुझ्नु पर्दछ ।

ग. "स्वास्थ्यकर्मी" भन्नाले यस गाउँपालिकाको स्वास्थ्य शाखा वा अन्तर्गतका स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई सम्झनु पर्दछ ।

**३ समितिको गठन र कार्य :**

(क) जेष्ठ नागरिक उपचार खर्च कार्यान्वयन तथा व्यवस्थापनकालागि " जेष्ठ नागरिक उपचार खर्च व्यवस्थापन समिति" गठन गरीने छ ।

(ख) समितिमा देहायका व्यक्ति रहनेछन :

| | | |
|---|---|---|
| १ | गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २ | सामाजिक विकास समिति संयोजक | सदस्य |
| ३ | लेखा शाखा प्रमुख | सदस्य |
| ४ | पञ्जिकरण शाखा प्रमुख | सदस्य |
| ५ | महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख | सदस्य |
| ६. | स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिब |

**४ कार्यान्वयन तथा व्यवस्थापन :**

आ.व. २०७९।८० को निति तथा कार्यक्रम अनुसार जेष्ठ नागरिक उपचार खर्च भन्ने शिर्षकमा बिनियाजित रकमलाई सुरक्षित तथा व्यवस्थित रुपमा लाभग्राहीको हातहातमा पुरयाउनकोलागि पञ्जिकरण शाखाको समन्वयमा २०७९।०४।०१ गते देखि ८० वर्ष पुगेका वा सो भन्दा माथीका जेष्ठ नागरिकहरुको वडा अनुसार संख्या यकिन गरि सोही अनुसार सम्बन्धित वडाका स्वास्थ्य संस्थाको प्रमुखको आर्थिक जिम्मेबारी तथा गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्ष वा समितिका पदाधिकारीहरुको रोहोवरमा स्वास्थ्यकर्मीद्वारा

जेष्ठ नागरिक उपचार खर्च मासिक १००० (एकहजार) को दरले चौकासिक रुपमा लाभग्राहीलाइ नगद नै हस्तान्तरण गर्ने छ । नगद वितरण गर्ने मिति तथा समय कार्यपालिकाको बैठकले तय गर्ने छ ।

## अनुसुची १

जेष्ठ नागरिक उपचार खर्च पाउने लाभग्राहीका आधारहरु

| क्र.सं | आधारहरु |
| --- | --- |
| १ | ८० वर्ष पुगेको वा सो भन्दा माथीको सम्पुर्ण महिला तथा पुरुषहरु |
| २ | पञ्चकन्या गाउँपालिकाका स्थायी नागरिक |
| ३ | मृत्यू भएको लाभग्राहीको हकमा मृत्यू भएको अघिल्लो महिना सम्मको रकम निजको हकवाला ले पाउने |

## अनुसुची २

जेष्ठ नागरिक उपचार खर्च वितरण फारम

| पालिका : | | वडा नं. : | | नगद वितरण गर्ने : | | |
|---|---|---|---|---|---|---|
| क्र.सं | लाभग्राहीको नाम,थर | ठेगाना | जन्ममिति | बुझिलिएको रकम | सहि,छाप | कैफियत |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्ने (स्वास्थ्यकर्मी)

रुजु गर्ने (पञ्जिकरण शाखा प्रमुख)

प्रमाणित गर्ने (प्रमुख प्रशासकीय अधिकृत)

## अनुसुची ३

आर्थिक जिम्मेवारी लिने व्यक्तिहरु

| क्र.सं | वडा नं. | स्वास्थ्य संस्था | पद |
|---|---|---|---|
| १ | १ | बानियाटार सामुदायिक स्वास्थ्य ईकाई | ईन्चार्ज |
| २ | २ | कविलास स्वास्थ्य चौकी | ईन्चार्ज |
| ३ | ३ | पञ्चकन्या स्वास्थ्य चौकी | ईन्चार्ज |
| ४ | ४ | थप्रेक स्वास्थ्य चौकी | ईन्चार्ज |
| ५ | ५ | भद्रुटार स्वास्थ्य चौकी | ईन्चार्ज |

स्पष्टीकरण : जेष्ठ नागरिक उपचार खर्च वितरण संग सम्बन्धित यस कार्यबिधिमा नभएको वा बाझिएका बिषयवस्तुहरु कार्यपालिकाको बैठकबाट प्रष्ट्याउने छ ।

**आज्ञाले**

**राममणि काफ्ले**

**प्रमुख प्रशासकीय अधिकृत**